हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : ५०, २०८३ भदौ १४ गते आइतवार (30 Aug. 2026) मूल्य रु. ३०।-



भोटेकोशीमा आएको बाढीका विषयमा छलफल गर्न बसेको सर्वदलिय बैठक ।

दैवी प्रकोपको बेला जीवन रक्षा पहिलो प्राथमिकता

सुस्केरा समाचारदाता

काठमाडौँ, भदौ । सम्माननिय प्रधानमन्त्री वालेन्द्र शाहले नुवाकोटको बाढी प्रभावित क्षेत्रको स्थलगत भ्रमण गर्नुभएको छ । रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले नुवाकोटको तटीय क्षेत्रमा ठुलो क्षति पुऱ्याएपछि प्रधानमन्त्री शाह स्थलगत निरीक्षणका लागि सडकमार्ग हुँदै गएको बिहीबार नुवाकोटको विदुर पुगनुभएको हो ।

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण नुवाकोटको विदुर र नदीतटीय क्षेत्रहरूमा भएको ठुलो क्षति र खोज-उद्धार कार्यको अनुगमन गर्न प्रधानमन्त्री शाह र पूर्वाधार विकासमन्त्री सुनील लम्सालसहित बिहीबार सडकमार्ग हुँदै त्यहाँ पुगनुभएको हो । त्यहाँ प्रधानमन्त्री शाह, पूर्वाधार विकासमन्त्री लम्साल र सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना, बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगर लगायतले प्रभावित क्षेत्रको स्थलगत भ्रमण गर्नुभएको थियो । बिहान ९:३० बजे नुवाकोट प्रस्थान गर्नुभएका प्रधानमन्त्री शाहले सडकमार्ग हुँदै प्रभावित बस्तीको भौतिक अवस्था तथा बाढीबाट भएको क्षतिको अवलोकन गर्नुभएको थियो ।

प्रधानमन्त्री शाहले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले विस्थापित परिवारलाई तत्क(

.... .पेज नं. ८ मा

सबै नागरिकसम्म राज्य पुग्ने छ

सुस्केरा समाचारदाता

काठमाडौँ, भदौ । सम्माननिय प्रधानमन्त्री वालेन्द्र शाहले देश कठिन घडीमा रहेको उल्लेख गर्दै बाढी प्रभावित प्रत्येक नागरिकमा सरकार पुग्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । भोटेकोशीमा गएको बाढीको पछिल्लो अवस्थाबारे आफ्नो सामाजिक सञ्जाल (फेसबुक) मार्फत आज साँझ जानकारी गराउँदै उहाँले त्यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

“यस कठिन घडीमा विपत्बाट प्रभावित प्रत्येक परिवारको साथमा राज्य छ,” प्रधानमन्त्री शाहले भन्नुभएको छ, “उद्धारको प्रतीक्षामा रहेका प्रत्येक नागरिकसम्म राज्य पुग्ने छ ।” उहाँले बाढी तथा पहिरो प्रभावित रसुवा, नुवाकोटसहितका क्षेत्रमा खोज तथा उद्धारका लागि १५ हजार ४३१ सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिनुभएको छ । उहाँका अनुसार नेपाल प्रहरीका चार हजार ४७३, नेपाली सेनाका छ हजार ७५५ र सशस्त्र प्रहरी

.... .पेज नं. ८ मा

चोरीको आरोपमा २ जना पक्राउ

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । डोल्पाको माथिल्लो भेगमा ढोकामा लगाएको ताला फोडेर चोरी गरेको आरोपमा रुकुम पश्चिमका दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

डोल्पोबुद्ध गाउँपालिका-२ कलाङमा स्थानीयका घरमा चोरी भएपछि प्रहरीले गरेको अनुसन्धानबाट उनीहरू पक्राउ परेका हुन् ।

प्रहरीका अनुसार भदौ ८ गते कलाङका तीन स्थानीयका घरमा कोही नभएको मौका छोपी ताला फोडेर नगद तथा गरगहना चोरी भएको सूचना प्राप्त भएको थियो । त्यसपछि जिल्ला प्रहरी कार्यालय डोल्पाले प्रहरी निरीक्षक पदम रावलको कमाण्डमा अनुसन्धान टोली परिचालन गरेको थियो ।

टोलीले भदौ १० गते डोल्पोबुद्ध गाउँपालिका-१ धोबाट चोरीमा संलग्न रहेको आरोपमा रुकुम पश्चि

.... .पेज नं. ८ मा

सुरुंग भित्रको उद्धार छिटो होस्

सुस्केरा समाचारदाता

रसुवा, भदौ । रसुवाका विभिन्न जलविद्युत् आयोजनाका सुरुङमा बाढीपछि कर्मचारी तथा श्रमिक फसेको चार दिन बितिसक्दा पनि उद्धार मा ढिलाइ भएको भन्दै आफन्त र सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । हाकु-२१६ का सुरुङमा तीनदेखि चार सयसम्म कामदार फसेको अनुमान छ भने उद्धार टोलीले हिलो, पानी र भग्नावशेषका कारण अवस्था जोखिमपूर्ण तथा प्राविधिक रूपमा जटिल रहेको जनाएको छ ।

त्रिशूली-३ ए आयोजनाको सुरुङमा फसेकाको उद्धारका लागि ड्रिलिङ, क्यामरा र अक्सिजन पठाउने काम सुरु भए पनि परिवारले विदेशी जनशक्ति र अत्याधुनिक प्रविधिसहित तत्काल उद्धार गर्न सरकारसँग आग्रह

.... .पेज नं. ८ मा

डोल्पाका २ जना सम्पर्क बिहिन

सुस्केरा समाचारदाता

डोल्पा, भदौं । रसुवाको भोटेकोशीमा तिब्बतबाट आएको बिशाल बिनाशकारी बाढीमा डोल्पाको मुड्केचुला गाउँपालिका वडा नं. १ का दुई जना सम्पर्क बिहिन छन ।

रसुवाको भोटेकोशी नदिमा गएको बुधबार बिहान आएको बिशाल बिनाशकारी बाढी पछि त्रिशूली हाइड्रोपावर ३ मा कार्यरत लबि शाही र रसुवाको थुन्चे नजिकै स्वास्थ्य चौकीमा कार्यरत बिनिशा शाही सम्पर्क बिहिन रहेको आफन्त दिपक सिंह ठकुरीले जानकारी दिनु भएको छ । बाढी पछि उनीहरू सम्पर्कमा नआएको हुदा खोजी कार्यका लागि पहल गरिदिन सम्बन्धित सबै सरोकारवाला निकायलाई उहाँले आग्रह गर्नु भएको छ ।

भाद्र १० गते बुधबार बिहानको धनजनको क्षति हुने गरि आएको भोटेकोशी बाढीले देश शोकमा डुबेको छ । डोल्पाबाट विभिन्न कामको शिलशिलामा रसुवा लगाएत बाढी प्रभावित क्षेत्रमा पुगेका नागरिक पनि फसेको हुन सक्ने पनि अनुमान गरिएको छ । डोल्पाबाट के कति कहाँ कहाँ पुगेका छन भनि तथ्यांक संकलन गर्न आवश्यक रहेको

.... .पेज नं. ८ मा

ओखर खेतीबाट नयाँ आर्थिक सम्भावनाको खोजी

सुस्केरा समाचारदाता

सल्यान, भदौ । परम्परागत कृषि प्रणालीबाट अपेक्षित आम्दानी नहुँदा गाउँघरका खेतबारी बाँझिँदै गएको अवस्थामा सल्यानमा भने ओखर खेतीलाई व्यावसायिक रूपमा विस्तार गर्दै नयाँ आर्थिक सम्भावनाको खोजी थालिएको छ ।

विशेषगरी जिल्लाको शारदा नगरपालिकाका किसान सामुहिक रुपमा तथा व्यक्तिगत रुपमा समेत व्यावसायिक ओखर खेतीतर्फ अग्रसर भएका हुन् ।

गत वर्ष एक सय ४० रोपनी क्षेत्रफलबाट सुरु गरिएको ओखर खेती विस्तार कार्यक्रमलाई यस वर्ष एक हजार रोपनी क्षेत्रफलमा पुऱ्याउने लक्ष्य नगरपालिकाले अघि सारेको छ । उच्च मूल्य पर्ने र दीर्घकालीन आम्दानीको सम्भावना बोकेको ओखर खेतीलाई व्यवस्थित रुपमा विस्तार गरी किसानको आय वृद्धि, स्थानीयस्तरमै रोजगारी सिर्जना र नगरपालिकाको अर्थतन्त्र बलियो बनाउने उद्देश्य रहेको नगरप्रमुख प्रकाश भण्डारीले बताउनुभयो ।

नगरपालिकाको वडा नं १० को मदनामा अगुवा कृषक टुल्क बहादुर कँवरसहित पाँचजना किसानले सामूहिक रुपमा ६० रोपनी जमिनमा ओखर खेती गर्नुभएको छ ।

यस्तै वडा नं ९ को खोलीखोलामा, ४ को सुनटाकुरामा, ५ को रानीकोटमा र ३ को सिरुवारमा २०/२० रोपनी क्षेत्रफल गरी गत वर्षदेखि एक सय ४० रोपनीमा खेती सुरु भइसकेको नगरपालिकाका कृषि विकास शाखा प्रमुख कविराज ज्ञवालीले जानकारी

.... .पेज नं. ८ मा

दैवी प्रकोपको बेला .....

ाल राहत उपलब्ध गराउन स्थानीय प्रशासन तथा सम्बन्धित निकायलाई निर्देशन दिनुभयो । उहाँले अवरुद्ध सडक तथा अन्य पूर्वाधार शीघ्र सञ्चालनमा ल्याउन र दीर्घकालीन पुनर्स्थापनाको कामलाई तीव्रता दिन निर्देशन दिनुभयो । बाढीबाट अत्य धिक प्रभावित नुवाकोटको विदुर तथा आसपासका क्षेत्रको बिहीबार स्थलगत निरीक्षणका क्रममा उहाँले त्यस्तो निर्दे शन दिनुभएको हो ।

भ्रमणका क्रममा प्रधानमन्त्रीको टो लीले बाढीबाट भएको भौतिक क्षतिको स्थलगत अनुगमन गर्नुका साथै स्थानीय प्रशासन, सुरक्षा निकाय र जनप्रतिनिधिसँग समेत विस्तृत छलफल गरेको थियो । प्रधानमन्त्री शाहले बाढीपीडित, स्थानीय नागरिक, घाइतेहरू, स्थानीय जनप्रतिनिधि तथा सुरक्षा निकायका प्रमुखहरूसँग भेट गर्नुभएको थियो ।

रसुवास्थित भोटेकोशी नदीमा बुधबार आएको बाढीले नदीतटीय क्षेत्रमा ठुलो क्षति पुऱ्याएपछि प्रधानमन्त्री शाह उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन निरन्तर सक्रिय रहनुभएको छ । बाढी आएलगत्तै उच्चस्तरीय बैठक आह्वान गरी मातहतका निकायलाई आवश्यक निर्देशन दिनुभएका उहाँले विदुर तथा आसपासका बाढी प्रभावित क्षेत्रको प्रत्यक्ष अवस्थाबारे जानकारी लिनुभएको हो ।

स्थलगत अवलोकनका क्रममा प्रधानमन्त्री शाह नुवाकोटको विदुर नगरपालिकास्थित श्री नं १ सैन्य तालिम केन्द्र (मैथली ब्यारेक) पुगेर बाढीपहिरो को क्षति र उद्धार कार्यबारे विस्तृत जानकारी (ब्रिफिङ) लिनुभएको थियो । उक्त छलफलमा विशिष्ट व्यक्तित्व तथा अधिकारीहरूको उपस्थिति थियो । प्रशासन र सुरक्षा प्रमुखहरूले प्रधानमन्त्री शाहलाई मानवीय तथा भौतिक क्षतिको अवस्था, सुरक्षा प्रबन्ध र जारी राहत व्यवस्थापनबारे अवगत गराउनुभएको थियो । सै न्य ब्यारेकको छलफल सकिएलगत्तै प्रधानमन्त्री शाहले बाढीमा परी घाइते भएका नागरिकहरूलाई प्रत्यक्ष भेटेर उहाँहरूको स्वास्थ्य अवस्था र उपचार को प्रबन्धबारे जानकारी लिनुभएको थियो । प्रधानमन्त्रीसहितको टो लीले विदुर तथा आसपासका बाढी प्रभावित बस्तीहरूको भौतिक अवस्था र क्षतिको प्रत्यक्ष स्थलगत अवलोकन गरेको थियो ।

ओखर खेतिबाट ....

दिनुभयो ।

उहाँका अनुसार गत वर्ष नगर पालिकाभरी एक हजार ३७० रोपनीमा ओखर खेती भएको थियो भने उत्पादन ६० हजार ५२० किलो भएको थियो । "यसवर्ष सम्भावित अन्य वडामा पनि गरेर एक हजार रोपनीमा विस्तारको तयारी छ, बोट सानै भएकाले हाल उत्पादन त्यति बढी छैन", ज्ञवालीले भन्नुभयो ।

शारदा नगरपालिका ओखर उत्पादन का लागि अनुकूल हावापानी भएको क्षेत्र मानिन्छ । यहाँका केही किसानले अहिले पनि परम्परागत रुपमा लगाएका ओखरका रुखबाट राम्रो आम्दानी गर्दै आएका छन् ।

नगरप्रमुख भण्डारीका अनुसार यही स्थानीय अनुभव र प्राकृतिक सम्भावनालाई आधार बनाएर नगर पालिकाले ओखरलाई नगदे तथा व्यावसायिक बालीका रुपमा विकास गर्न थालेको हो ।

नगरपालिकासँग पहाडी क्षेत्र काष्ठ फलफूल विकास आयोजनाले पनि सहकार्य गरेर किसानलाई व्यावसायिक बनाउन सहयोग गरिरहेको छ । दुई जना कर्मचारीसहित विभिन्न अनुदान सहयोग पनि उपलब्ध गराइएको छ । बाँझो बन्दै गएका जमिनलाई उत्पादनसँग जोड्ने, किसानलाई दीर्घकालीन आम्दानीको स्रोत उपलब्ध गराउने र स्थानीय उत्पादनको नयाँ पहिचान निर्माण गर्ने रणनीतिका रुपमा अघि बढाइएको नगरपालिका को भनाइ छ ।

डोल्पाका २ जना .....

जानकारहरु बताउँछन् ।

जनस्वास्थ्य कार्यालय रसुवाले भोटेकोशी बाढीमा परी जिल्लाका छ स्वास्थ्यकर्मी एवं उनीहरूका परिवारसमेत गरी १० जना सम्पर्कविहीन अवस्थामा रहेको जनाएको छ ।

जनस्वास्थ्य कार्यालय रसुवाका प्रमुख निदोर्ज घर्तीमगरका अनुसार तीन महिने छोरासहित टिमुरे स्वास्थ्यचौकीका इन्चार्ज सुस्मिता पाण्डे, आठमहिने छोरीसहित स्याफ्रुबेंसी स्वास्थ्य चौकीका इन्चार्ज खम्बु बोहारा र उनकी पत्नी को पिला केसी, दालफेदी स्वास्थ्य चौकीका इन्चार्ज विजय घले र रसुवागढी हेल्थ डेस्कका स्वास्थ्यसहायक लगायत छन् ।

सुरुंग भित्रको ....

गरेका छन् ।

हृदेश्वरी जोशीको हातबाट मोबाइल हटेको छैन । श्रीमान् इन्जिनियर हे मन्त जोशीबारे सूचना आइहाल्छ कि भनेर उनी छिनछिनमा मोबाइल हे रिराख्छिन् । हृदेश्वरीलाई श्रीमान् हे मन्त रसुवास्थित माथिल्लो त्रिशूली-३ बी जलविद्युत् आयोजनाको सुरुङभित्र फसिरहेको विश्वास छ । सरकारले छिटो उद्धार टोली पठाए हुन्थ्यो भन्ने उनलाई लागेको छ ।

बझाङ जयपृथ्वी नगरपालिका-८ की हृदेश्वरी धैर्यको बाँध टुट्न लागिसके को बताउँछिन् । 'त्रिशूली-३ बीमा अहिलेसम्म उद्धार सुरु भएको छै न । चार दिन बितिसक्यो । त्यहाँभित्र अक्सिजन छ कि छैन ? उद्धार कहिले गर्ने हो ?' उनी भन्छिन्, 'सास हुँदै गर्ने कि लास हुँदा गर्ने हो ? यतिका दिनसम्म त सास भएको मान्छे पनि आत्तिएर बेहोस हुन्छ होला ।'

हेमन्त तीन वर्षदेखि चिलिमे इन्जिनियरिङ एन्ड सर्भिसेज कम्पनी लिमिटेडअन्तर्गत अपर त्रिशूली (३ बी) आयोजनामा कार्यरत छन् । कम्प नीका अनुसार बुधबारको बाढीपछि उनीसहित १२ कर्मचारी हराइरहेका छन् । आफन्त भने उद्धारबारे बुझ्न नुवाकोटको सैनिक ब्यारेक अगाडि गएका छन् । 'उद्धारमा ढिलाइ भइरहे को छ ।

चोरीको आरोपमा ....

मको आठबिसकोट नगरपालिका-५ का ३७ वर्षीय तिलक भण्डारी र आठबिसकोट-३ खदीका ३२ वर्षीय निशान भण्डारीलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायब उपरीक्षक अनिलराज गिरीका अनुसार पक्राउ परेकाहरूको साथबाट १ लाख ४८ हजार ६ सय ८५ रुपैयाँ नगद र ७ सय वटा यार्चाकुन्भु बरा मद भएको छ ।

उनीहरूबाट तीन थान एन्ड्रोइड मो बाइल, दुई थान किप्याड मोबाइल, दुई थान स्मार्ट घडी, दुर्बिन, पावर बैंक, टर्चलाइट, सिमकार्ड, चाबी र झोलालगायतका सामानसमेत बरा मद गरिएको प्रहरीले जनाएको छ ।

त्यस्तै, दुई थान खुकुरी/चक्कु, दुई थान फलामे रड, कैँची, गुलेली, लाठी, घडीका फिता, सुनजस्तो देखिने चन्द्रमा आकारको गहना, चाँदीजस्तो देखिने बाला, कुबेर लकेटलगायतका दसीसमेत प्रहरीले बरामद गरेको छ । पक्राउ परेका दुवै जनालाई भदौ ११ गते जिल्ला प्रहरी कार्यालय डोल्पामा ल्याइएको थियो । डोल्पा जिल्ला अदा लतबाट सात दिनको म्याद थप गरी उनीहरूमाथि थप अनुसन्धान भइरहे को प्रहरीले जनाएको छ ।

सबै नागरिकसम्म .....

बल नेपालका चार हजार २०३ जना सुरक्षाकर्मी उद्धार तथा राहतमा खटिएका छन् ।

"हालसम्म चार हजार ४५१ जनाको उद्धार गरिएको छ । उद्धारका लागि नेपाली सेना तथा निजी क्षेत्रका १६ हेलिकोप्टर परिचालन गरी धुन्चे, त्रिशूली, टिमुरे र स्याफ्रुबेंसीलगायत क्षेत्रमा ९९ हवाई उडान भएका छन्," प्रधानमन्त्रीले भन्नुभएको छ, "प्रभावित क्षेत्रमा हालसम्म ३२ ट्रक खाद्य तथा गैरखाद्य राहत सामग्री पठाइएको छ भने हेलिकोप्टरबाट समेत राहत सामग्री ढुवानी गरिएको छ । सुरुङमा फसेका नागरिक तथा कामदारको खोज तथा उद्धारलाई उच्च प्राथमिकता दिइएको छ ।" बे पत्ता नागरिक तथा शवको खोजी कार्य रसुवादेखि नुवाकोट, धादिङ हुँदै गोर खा, तनहुँ, चितवनमा तिब्र बनेको छ । बनाइएको छ ।

नागरिकमैत्रीः सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आइबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: सन्देश बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

विपद्को सामना

मानिसहरुको एउटा छिटो आउने गुण भनेको तुरुन्तै आत्तिने र मात्तिने स्वभाव हुन्छ । यसले स्वयम् व्यक्तिलाई त असर गर्छ नै, यसले समग्र समुदायमा पनि प्रभाव पार्ने गर्दछ । यति बेला समाजमा घट्ने घटनाले अस्वभाविक रुप लिन पनि सक्छ । त्यसैले विपद्को बेलामा सुझबुझका साथ अघि बढ्ने व्यक्तिहरुको उपस्थिति निकै आवश्यक हुने गर्दछ । समाजमा पर्ने यस प्रकारका विभिन्न दैवी प्रकोप तथा विपद्ले कुनै न कुनै बेला कोही न कोही प्रभावित हुने गर्दछ । समुदायका मानिसहरुले आज अर्कोलाई पर्‌यो ठिक्क भयो भन्ने भावनालाई मनमै आउन नदिएर विपद् जो कोहीलाई पनि आउन सक्छ त्यस कारण विपद्का बेलामा सबै मिलेर त्यसको सामना गर्नु पर्छ, दैवी प्रकोप तथा विपद्मा परेकालाई सान्त्वना दिनु आवश्यक हुन्छ र यस लागि सबैले गम्भिर भएर ध्यान दिनु आवश्यक हुन्छ । यो सामुदायिक प्रयासबाट विपद्मा परेकालाई सहजिकरण तथा उनीहरुको जीवनलाई सामान्यीकरण गर्न सकिन्छ र सहयोग जुटाएर थप क्षति हुनबाट जोगाउन सकिन्छ भन्ने तर्फ गम्भिर भएर सोच्नु आवश्यक हुन्छ ।

विपद् भनेको कुनै पनि बेला आउन सक्ने र त्यसले अकल्पनिय क्षेति गर्न सक्ने कुरा हालै रसुवाको भोटेकोशी नदिमा आएको विनासकारी बाढीले देखाई सकेको छ । यसले कैयौंका सपना र कल्पनामा पानी फेरिदिएको छ । व्यक्ति व्यक्तिलाई मात्र होइन राज्यलाई पनि अपुरनिय क्षति पुगेको छ । व्यक्तिका हजारौं घर जग्गा सम्पत्ति पुरै खण्डहर बनाउनुका साथै राज्यका कार्यालयीय भवनहरु, पुल पुलेसा, सडक लगायत खर्बौंको क्षति पुर्‌याएको भर्खरै देखेका र भोगेका छौं । यसले प्राकृतिक प्रकोपबाट सिर्जित विपद् लाई रोक्न नसके पनि विपद्बाट परेको असरलाई घटाउदै थप क्षति हुन नदिनका लागि पहल हुनु पर्ने हाम्रो समाजको ध्येय हुनु पर्ने विज्ञहरुको भनाई छ । तै पनि समुदायका सबै व्यक्तिहरु बुझ्ने प्रकारका हुँदैनन् । उनीहरुले आफूलाई परे सबैले सहयोग गर्नु पर्छ भन्ने भावना राख्ने र अरुलाई परे ठिक भयो, बल्ल खाईस भन्ने मनोभावना राख्नेहरु समाजका दुष्ट भएकाले यस प्रकारको भावना कसैले पनि राख्न नहुने बताइन्छ ।

यति बेला हाम्रो देशका नागरिकहरु मात्र होइन समग्र देश रोइरहेको भान हुने गरेको छ । हेर्दा हेर्दै हजारौंको जीवन समाप्त भएको छ, सुन्दर बस्तिहरु खण्डहर बनेका छन्, विकासका नमुना बनिसकेका सडक भाटाहरु मोटरेबल पुलहरु पुरै ध्वस्त बनेका छन् । भोटेकोशी नदिको तटिय क्षेत्रमा कहालीलाग्दो अवस्था बनेको छ । त्यस क्षेत्रमा जतातै विध्वंश भएको छ । त्यहाँको विधुत, पानी, सञ्चार, सडक तथा यातायात सबै खलबलिएको छ । सबैतिर निराशा छाएको छ । जसका कारण समुदायको आशा मर्न थालेको अवस्थाबाट सहजिकरण गर्न, समाजलाई विस्तारै पुरानै अवस्थातिर लिनका लागि विपद्को सामना मिलेर गर्नु पर्ने देखिन्छ । त्यही भएर प्रधानमन्त्री राहत कोषमा रकम जम्मा हुने क्रम तिब्र बनेको छ । सहयोग देश भित्रबाट मात्र होइन विदेश तथा छिमेकी राष्ट्रहरुबाट पनि प्राप्त हुदै गएको छ यसले सबैको हातेमालो छ भन्ने देखाउछ । यो घडीमा सबै होऔं ।

कठैबरा । हरि हराएको हरि

सञ्जय खड्का
रातोपाटीबाट

.... सिंहदरबार जलायौ, लासमाथि पदको पगरी गुथ्यौ !
अब के इतिहास नै मेट्नुपर्‍यो ?

इतिहास नै मेट्न खोज्ने तिमी,
कस्ता कुपुत्र हौ यो पवित्र माटोका ?
कि आकाशबाट खसेको एलियन हौ ?
के खान्छौ, भात खान्छौ कि घाँस ?
कसको वैशाखी टेकेर विषालु बोली ओकल्दै छौ ?
कसको स्वार्थरुपी इसारामा नाच्दै छौ ?

देश जलेको खरानी अझै कम भयो र ?
शहीदको त्यो बलिदानी संख्या पुगेन र ?
कि अझै पुगेन संसदीय अंकगणितको संख्या ?
हरिहीन हरिज्यू ? हेक्का राख-
इतिहास बनाउन पठाएका हौं,
इतिहासको इतिश्री गर्न होइन ।

व्यवस्था मन नपरे- परिवर्तन गर,
कानुन परिमार्जन गर, संविधान संशोधन गर,
देश नै मन नपरे- पद छोड, देशै छोड,
सिंहदरबार त जलायौ-जलायौ,
तर कृपया- अब इतिहास नजलाऊ,
हाम्रो स्वाभिमान र शहीदको सपनामा आगो नलगाऊ ।

पदसँग चरित्र नसाट, कुर्सीसँग विवेक नबेच,
जनमतको आडमा अहङ्कार प्रदर्शन गर्ने दुस्साहस नगर,
कर्तव्य त भुल्यौ-भुल्यो, कम्तिमा पदको मर्यादा त राख ।
हामीलाई 'जान्ने' चाहिएको हो, 'बढी जान्ने' होइन ।
आत्मालोचना गर, पश्चताप गर, याद राख-
सत्ता स्थायी हुँदैन, तर चरित्रको दाग सजिलै मेटिँदैन ।

नत्र इतिहासले तिम्रो नाम एउटा 'भूल' लेख्नेछ,
नाम मेटिने छैन, तर कलंक बनेर रहेनछ,
त्यसैले उठ, सम्हाल र क्षमा माग ।
किनकि यो देश र इतिहास तिमीभन्दा धेरै ठूलो छ,
तिम्रो अस्थायी पद र अहम्कारभन्दा उच्च छ,
हेक्का राख- सच्चिने यही अन्तिम एक मौका छ ।

अधुरा सपना

मनीष घिमिरे
गोरखापत्रबाट

आँखाभरि सजाएका सपना
समयले कतै हराइदियो
पुग्न खोजेको त्यो गन्तव्य
बाटो नै टाढा बनाइदियो ।

मनभित्रका हजार चाहना
ओठमा आउन सकेनन्
धेरै कुरा भन्न खोज्दा
शब्दहरूले साथ दिएनन् ।
कहिलेकाहीं रातको एकान्तमा
पुराना यादहरू आउँछन्
फेरि सबै कुरा आँखामा झल्काई
मनभित्र पीडा छोड्छन् ।

तर अझै आशा मरेको छैन
भोलिको घाम उदाउने छ
आजका आँसुका थोपाहरू
एकदिन मुस्कान बन्ने छ ।

गर्ने छु कर्म फलको आशा नगरी
बोकेको छु लक्ष्य सफलताका लागि
एकदिन अवश्य मिल्ने छ खुसी
फेरि उठ्ने छु आत्मविश्वास जागी ।

खेलकुद

प्रधानमन्त्रीले दिए ढाँटलाई बधाई

सुस्केरा समाचारदाता

काठमाडौँ, भदौ । सम्माननिय प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)ले रोड टु युएफसी सिजन-५ को सेमिफाइनलमा जित निकालेका नेपाली मिक्स मार्सल आर्ट्स (एमएमए) फाइटर रवीन्द्र ढाँटलाई बधाई तथा शुभकामना दिनुभएको छ । शुक्रबार बेलुका सामाजिक सञ्जाल मार्फत उहाँले ढाँटलाई बधाई दिनुभएको हो । प्रधानमन्त्री शाहले नेपालमा आएको विपद्को अवस्थाबारे अन्त राष्ट्रिय समुदायलाई जानकारी गराउनुभएकामा फाइटर ढाँटलाई धन्यवादसमेत दिनुभएको छ ।

“नेपाली एमएमए खेलाडी रवीन्द्र ढाँटले ‘रोड टु युएफसी सिजन-५’ मा जित हासिल गर्दै फाइनलमा प्रवेश गर्नुभएकामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । नेपालमा आएको विपद्को अवस्थाबारे अन्तरा ष्ट्रिय समुदायलाई जानकारी गराउनुभएकामा नेपाल सरकारको तर्फबाट उहाँलाई हार्दिक धन्यवाद”, प्रधानमन्त्री शाहले लेख्नुभएको छ ।

उता भिक्टर मुनोजले गरेको आकर्षक गोलको मद्दतले लिभरपुलले इंग्लिस प्रिमियर लिगमा शनिबार नटिंघम फरेस्टलाई २-२ को बराबरीमा रोकेको छ । एनफिल्डमा भएको खेलमा स्पेनी विंगर मुनोजले ८२ औं मिनेटमा गोल गरेका हुन् ।

उनको प्रहार मुरिलोलाई छोएर गोलमा परिणत भएको थियो । डान एनडोयको गोलमा फरेस्टले २४ औं मिनेटमा अग्रता लिएको थियो । एले क्जान्डर इसाले ६० औं मिनेटमा लिभरपुलका लागि बराबरी बन्यो ।

सुशासनमा साझा संकल्प

- श्यामप्रकाश मैनाली

..... तथ्यमा आधारित हुनु पर्छ । प्रमाणबिनाको आरोप, चरित्रहत्या, भिडको भावनालाई उत्तेजित गने अभियान र राजनीतिक पूर्वाग्रहबाट निर्देशित सक्रियता सुशासनको माध्यम बन्न सक्दैन । असल सामाजिक अभियानले गल्ती मात्र देखाउँदैन, समाधानको विकल्प पनि प्रस्तुत गर्न सक्नु पर्छ ।

नागरिक समाज, राज्य र नागरिक बिचको महत्वपूर्ण सेतु हो । गैरसरकारी संस्था, पेसागत सङ्गठन, प्राज्ञिक क्षेत्र, मानव अधिकार संस्था, उपभोक्ता समूह तथा सामुदायिक संस्थाले राज्यका नीति र कामको स्वतन्त्र निगरानी गर्न सक्छन् । नेपालमा नागरिकको प्रभावकारितामा विखण्डन, राजनीतीकरण सीमित क्षमता र समन्वयको अभाव जस्ता चुनौती देखिएका छन् । त्यसका लागि नागरिक समाज राजनीतिक दलका भ्रातृ सङ्गठनको आवरणमा होइन, स्वतन्त्र सार्वजनिक निगरानीकर्ताका रूपमा स्थापित हुन आवश्यक छ । विश्व बैङ्कको नेपालसम्बन्धी अध्ययनले पनि नागरिक समाजको प्रभावकारी भूमिकाका लागि क्षमता विकास र राज्यसँगको रचनात्मक सम्बन्ध आवश्यक रहेको औंल्याएको थियो ।

स्वतन्त्र पत्रकारिता सुशासनको शक्तिशाली आधार हो । पत्रकारले सरकारी निर्णय, सार्वजनिक खर्च, भ्रष्टाचार र नागरिकका समस्यालाई सार्वजनिक बहसमा ल्याएर सरकारलाई जवाफदेही बनाउन सक्छ तर पत्रकारिताको शक्ति जति ठुलो हुन्छ, जिम्मेवारी पनि त्यति नै ठुलो हुन्छ । अपुष्ट सूचना, सनसनी, राजनीतिक पूर्वाग्रह र व्यक्तिगत चरित्रहत्या पत्रकारिताको विश्वसनीयताका लागि घातक हुन्छन् । विशेषत: अनुसन्धानात्मक पत्रकारिताले भ्रष्टाचारका घटना मात्र होइन, त्यसका संरचनागत कारणसमेत उजागर गर्न सक्छ । पत्रकारले सत्तापक्षलाई मात्र होइन, विपक्षी दल, निजी क्षेत्र, नागरिक समाज र आवश्यक परे आफ्नै क्षेत्रलाई समेत प्रश्न गर्न सक्नु पर्छ । निष्पक्षता र तथ्यमा आधारित आलोचना नै जिम्मेवार पत्रकारिताको आधार हो ।

सुशासनको अन्तिम शक्ति नागरिकमै निहित हुन्छ । नागरिकले भ्रष्टाचार लाई सामान्य व्यवहारका रूपमा स्वीकार गरिरहँदा भ्रष्टाचार नियन्त्रण सम्भव हुँदैन । घुस दिने र लिने दुवै प्रवृत्तिको अन्त्य आवश्यक छ । घुस दिने नागरिकलाई भ्रष्टाचारको विरोध गर्ने नैतिक अधिकार रहन्न । नागरिकले आफ्नो अधिकार माग्नुका साथै कर्तव्य पनि पूरा गर्नु पर्छ । सार्वजनिक बजेट, विकास आयोजना, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी र अन्य सेवाको निगरानीमा नागरिकको सक्रिय सहभागिता आवश्यक छ ।

सिङ्गापुरको अनुभवले भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक इच्छाशक्ति, स्पष्ट कानुन, प्रभावकारी अनुसन्धान, सक्षम प्रशासन र सार्वजनिक नैतिकता एकसाथ आवश्यक हुने देखाउँछ । भ्रष्टाचार नियन्त्रणलाई अपराधीलाई सजाय दिने प्रक्रियामा मात्र सीमित नगरी सरकारी प्रणालीका कमजोरी पहिचान र सुधार गर्ने अभ्यास पनि त्यहाँ महत्वपूर्ण छ । नेपालले यसको हुवहु नक्कल गर्नै पर्ने होइन तर भ्रष्टाचारविरुद्धको अभियान व्यक्ति मात्र होइन, प्रणालीविरुद्ध पनि केन्द्रित हुनुपर्ने महत्वपूर्ण पाठ सिङ्गापुरबाट अनिवार्य रूपमा सिक्नु पर्छ । दक्षिण कोरियाले प्रविधिलाई नागरिक ..... (गोपबाट)

संस्कृति, कला, बाल संशार



नवजात शिशुको उद्धार गरी सैन्य क्याम्पमा ल्याइदै ।

बाढी बारे वैज्ञानिक वृत्तको बुझाई

सुस्केरा समाचारदाता

काठमाडौँ, भदौ । रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीको प्रमुख दुई कारणबारे वैज्ञानिक वृत्तमा चर्चा छ । एक, धेरै सङ्ख्यामा हिमताल रहेको क्षेत्रमा हिमताल फुटेर । दुई, उच्च हिमाली क्षेत्रमा खोला वा हिमनदी थुनिएर हुन सक्छ ।

त्रिभुवन विश्वविद्यालय वातावरण विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक समेत रहनुभएका जल वायु तथा हिमताल विज्ञ डा. सुदीप ठकुरीले नाम्दा केरुङको उत्तरी भेगमा झण्डै पाँच हजार मिटरभन्दा अग्लो उचाइमा रहेको हिमनदी झण्डै दुई हजार मिटर तल झरेको प्रारम्भिक अनुमान रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “त्यो दुरी र भिरालो पनमा झर्दा जहाँसम्म लाग्छ चट्टानहरु पनि झरेका हुन सक्छ । एकदमै ठुलो गतिका साथ झरेको हुनुपर्छ, यो नेपाल र चीनको बोर्डरसम्म आइपुग्यो । काइनेटिक इनर्जी भन्छौं हामी । त्यो बरफको ढिको एकदमै धेरै हुनुपर्छ भन्ने लाग्छ । १८० किलोमिटर प्रतिघण्टाको दरले झरेको हुनुपर्छ ।”

भोटेकोशी बाढी सबैभन्दा बढी क्षति पुऱ्याएको महाविपद्को रुपमा रहेको उहाँको भनाइ छ । “विगतका घटनासँग तुलना गर्नुभन्दा यो एउटा वन अफ द बढी क्षति पुऱ्याएको घटना हो । यस्तै खालको घटना छिमेकी देश इण्डियामा पनि भएकै हो । गत वर्ष सिक्किममा पनि त्यहाँ एउटा ताल फुटेर तल्लो क्षेत्रमा रहेको टिस्टा हाइड्रो पावरहरु लगायतका खोलामा ठुलो क्षति पारेको थियो ।”

उहाँले विपद् देशको भूगोलसँग मात्र सीमित नरहेकोले अन्तरदेशीय सूचना प्रणालीको विकास गर्नुपर्ने भनाइ राख्नुभयो । “चीनमा रहेको एउटा तालको कारणले नेपालमा क्षति पुग्यो । प्रत्येक वर्षजस्तो नेपालमा सुरु भएको बाढी पहिरोले क्षति गरेको छ ।

सामान्य ज्ञान ५०

१. ‘हजारौँ माइलको यात्रा एक पाइलाबाट सुरु हुन्छ’ भन्ने विचारक को हुन् ?

☐ लाओ त्सु

२. सौर्यमण्डल अन्तर्गत बुध ग्रहमा रहेको एउटा क्रेटर (खाडल) लाई कुन नेपाली स्रष्टाको सम्मानमा ‘सापकोटा क्रेटर’ नामकरण गरिएको छ ?

☐ कवि महानन्द सापकोटा

- बुध ग्रहको उत्तरी ध्रुवनजिक अवस्थित ।
- सन् २०१५ मा आइएयुद्वारा आधिकारिक नामकरण ।

३. नेपाल-भारत पारवहन सम्झौता अन्तर्गत तेस्रो मुलुकबाट आयात गरिएको कच्चा पदार्थ बोकेर भारतको कोलकाता बन्दरगाहबाट पहिलो पटक कार्गो रेल विराटनगर कस्टम यार्ड कहिले आइपुगेको हो ?

☐ विसं २०८३ साउन ४ (साउन १ मा कोलकाताबाट छुटेको)

- नेपाल-भारत पारवहन सन्धि अन्तर्गत तेस्रो मुलुकबाट हुने आयातलाई सहज बनाउने उद्देश्यका साथ कोलकातादेखि विराटनगरसम्मको पहिलो रेल कार्गो सेवा साउन १ देखि औपचारिक रूपमा सञ्चालनमा आएको ।
- पछिल्लो नीतिगत समन्वयपछि कोलकाताबाट विराटनगरसम्म नियमित रूपमा मालसामान ढुवानी गर्ने व्यवस्था कार्यान्वयनमा आएको ।

४. मनोरम ‘ढुम्बा ताल’ कहाँ छ ?

☐ घरपझोङ, मुस्ताङ

- करिब तीन हजार मिटरको उचाइमा अवस्थित ।

लोकतन्त्रको क्षयीकरण कसरी हुँदैछ ?

- गेजा शर्मा वाग्ले

..... अमेरिकी लोकतन्त्रका लागि नै लज्जाको विषय भएको उनीहरूको निष्कर्ष छ ।

लोकतन्त्रको आधार स्तम्भ स्वतन्त्र न्यायालय र प्रेसप्रतिको आक्रमण, रा जनीतिक प्रतिस्पर्धीलाई शत्रु घोषणा, निर्वाचन परिणाम अस्वीकार गर्ने चे तावनी जस्ता गैरलोकतान्त्रिक र अधि नायकवादी प्रवृत्तिले लोकतन्त्र तीव्र गतिमा ह्रासोन्मुख भएको छ । धर्म, जाति, रंग, संस्कृति, भाषाको आधारमा तीव्र गतिमा विभाजित भइरहेको अमे रिकी समाज र राजनीतिक समस्याहरू आम रूपमा विश्लेषण गरिएभन्दा जो खिमपूर्ण छ । अमेरिकाको लोकतन्त्र र भेनेजुएलाको सत्ता समान गतिमा पतनोन्मुख भएको निष्कर्ष लेखकद्वयले निकालेका छन् । अमेरिकाका लागि त्योभन्दा ठूलो व्यंग्यको विषय अरू के हुन सक्छ ? ट्रम्पको विजय नै अमेरि की लोकतन्त्रका लागि दुर्भाग्य भएको उनीहरूको विचार छ ।

अमेरिकाको निर्वाचन प्रणाली अत्यन्त खर्चिलो भएको विचार व्यक्त गर्दै रि पब्लिकन र डेमोक्रेटिक दुवै पार्टीको रा ष्ट्रपतीय प्रत्याशी छनोट प्रक्रिया पार दर्शी, लोकतान्त्रिक र सहभागितामूलक नभएको निष्कर्ष निकालेका छन् । रा ष्ट्रपतीय प्रत्याशी छनोट प्रक्रियामा रि पब्लिकन र डेमोक्रेटिक दुवै पार्टीको संस्थापन पक्षको भूमिका हस्तक्षे पकारी भएको रहस्य उजागर गरेका छन् । त्यसैले निर्वाचन प्रणाली तथा राष्ट्रपतीय प्रत्याशी छनोट प्रक्रिया सुधार गर्न सुझाव दिएका छन् ।

लिभित्स्की र जिबलटले रिपब्लिकन पार्टीको कटु आलोचना गरेका छन् । तर डेमोक्रेटिक पार्टीको उदार नीतिलाई प्रकारान्तरले समर्थन गरे पनि कमजोरी पनि औंल्याएका छन् । रिपब्लिकनलाई श्वेत अमेरिकी रा ष्ट्रवादी र डेमोक्रेटिकलाई पहिचान वादी र अल्पसंख्यकहरूको पार्टी भएको टिप्पणी गरेका छन् । त्यसैले रि पब्लिकनलाई अल्पसंख्यक र आप्रवासी तथा डेमोक्रेटिकलाई बहुसंख्यक अमे रिकीहरूको भावनाप्रति संवेदनशील नीति अनुसरण गर्न सुझाव दिएका छन् । तर ट्रम्प र निक्सन मात्रै होइन, अब्राहम लिंकन जस्ता लोकतान्त्रिक र क्रान्तिकारी पनि रिपब्लिकन पार्टीकै राष्ट्रपति भएको वास्तविकतालाई विस्मरण गर्नु उपयुक्त नहोला ।

सुधार र संरक्षण कसरी गर्न सकिन्छ ? लोकतान्त्रिक प्रणालीका समस्या लो कतान्त्रिक प्रक्रियाबाटै सम्बोधन गर्न सकिन्छ । लोकतन्त्रको सकारात्मक र सुन्दर पक्ष भनेकै यही हो । लिभित्स्की र जिबलटले केवल लोकतन्त्रका समस्या तथा चुनौतीहरूको फेहरिस्त मात्रै दस्ताबेजीकरण गरेका छैनन् । सुधार र संरक्षण कसरी गर्न सकिन्छ ? भन्नेबारेमा उपयुक्त र मननीय सुझा वहरू पनि दिएका छन् । उनीहरूका सुझावलाई प्रमुख रूपमा पाँच बुँदामा वर्गीकरण गर्न सकिन्छ ।

पहिलो, लोकतन्त्रको विकल्प उदार लोकतन्त्र । लोकतन्त्रका चुनौती, जटिलता र समस्या छन् । तर लो कतन्त्रको विकल्प छैन । लोकतन्त्रको विकल्प भनेको थप उदार, उन्नत र सुसंस्कृत लोकतन्त्र हो । उदार, बहुलवादी र समावेशी लोकतन्त्रले मात्रै समाजमा विद्यमान धार्मिक, सामाजिक, सांस्कृतिक, भाषिक, भौ गोलिक, लैंगिक विभेदको अन्त्य गरी समन्यायिक समाज स्थापना गर्न सक्छ । यसैगरी समावेशी आर्थिक वृद्धिमार्फत विकास गरी समुन्नत र समतामूलक देश निर्माण गर्न पनि उदार लोकतन्त्र अपरिहार्य छ ।

दोस्रो, सबल, सक्षम र स्वायत्त लो कतान्त्रिक संस्था । लोकतन्त्र भने को प्रणाली, पद्धति र प्रक्रिया भएका ले लोकतान्त्रिक संस्थाहरू सबल, सक्षम र स्वायत्त हुनुपर्छ । लोकता न्त्रिक संस्थाहरूको संस्थागत विकास भएपछि मात्रै पद्धति र प्रणालीको विकास हुन्छ । व्यवस्थापिका, न्यायपा लिका, कार्यपालिका, राजनीतिक दल, संवैधानिक संस्था, स्वतन्त्र प्रेस लो कतान्त्रिक प्रणालीका अनिवार्य पूर्वसर्त हुन् । लोकतन्त्रको संरक्षण र संवर्द्धन गर्ने यस्ता संस्थाहरू सरकारको औ जार हुनु हुँदैन । यी संस्था कमजोर भए लोकतन्त्र पनि कमजोर हुन्छ र लोकतान्त्रिक प्रणालीबाटै अधिनायक वादी तथा सर्वसत्तावादी शासकहरू जन्मिन्छन् । लोकतान्त्रिक प्रणालीमा राज्य सञ्चालन गर्ने दलहरूले हो । त्यसैले दलहरू सबैभन्दा जिम्मेवार, जनमुखी र जवाफदेही हुनुपर्छ ।

तेस्रो, लोकतान्त्रिक मूल्य-मान्यता र संस्कार । लोकतन्त्रको संरक्षण केवल संविधान, लोकतान्त्रिक संस्था, कानुन र दलहरूले मात्रै गर्न सक्दैनन् । लो कतन्त्रको संरक्षण गर्ने प्रमुख आधार लोकतान्त्रिक मूल्य-मान्यता, सिद्धान्त र संस्कार हो । संविधान वा कागजमा लेखेर होइन, लोकतान्त्रिक मूल्य-मा न्यता, सिद्धान्त र संस्कार व्यवहार मा रूपान्तरण गर्नुपर्छ । लोकतान्त्रिक मूल्य-मान्यता र संस्कारबिनाको लो कतान्त्रिक प्रणालीको अर्थ र औचित्य छैन । होइन भने लोकतन्त्र कागज, औपचारिकता र कर्मकाण्डमा सीमित रहन्छ ।

चौथो, शक्ति सन्तुलन, जवाफदेहिता र पारदर्शिता । राज्य वा सरकारलाई निरंकुश र स्वेच्छाचारी हुनबाट रो क्ने तीन प्रमुख स्तम्भ हुन् । शक्ति सन्तुलनको सिद्धान्तले व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाबीच नियन्त्रण र सन्तुलन गरी संविधा(नवाद र विधिको शासनलाई संस्थागत गर्छ । सरकार जनताप्रति पूर्ण रूपमा जवाफदेही हुनुपर्छ । यसैगरी राज्यका नीति तथा निर्णय प्रक्रिया पारदर्शी र सहभागितामूलक हुनुपर्छ ।(ईकान्तिपुर)

युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले

- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले

- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।
- अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमो जिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

विपद् व्यवस्थापनमा स्थानीय सरकारको अग्रसरता

- ज्योति शर्मा

... स्थानीय सरकारसँग अद्यावधिक हुनुपर्छ । यसका लागि स्थानीय विपद् व्यवस्थापन योजनालाई पालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्छ । विपद् जोखिम न्यूनीकरणलाई छुट्टै क्षेत्रका रूपमा हेर्नेभन्दा स्थानीय विकासका हरेक क्षेत्रमा जोखिम न्यूनीकरणको दृष्टिकोण समावेश गर्नु आवश्यक छ । विपद् जोखिम न्यूनीकरणको सबै भन्दा पहिलो र महत्त्वपूर्ण काम भनेको विकास निर्माणबाट नयाँ जोखिम सिर्जना हुन नदिनु हो । सडक, पुल, विद्यालय, अस्पताल, खानेपानी, सिँचाइ, आवास तथा अन्य पूर्वाधार निर्माण गर्दा विपद् जोखिम र जल(वायु परिवर्तनको प्रभावलाई अनिवार्य रूपमा ध्यान दिनुपर्छ ।

विपद्पछि पहिलेको अवस्थाभन्दा अझ सुरक्षित र उत्थानशील बनाउने अवधारणालाई स्थानीय विकासमा संस्थागत गर्नुपर्ने समय आएको छ । जाजरकोटको भेरी नगरपालिका-२ मा भएको पछिल्लो क्षतिलाई उदाहरणका रूपमा लिन सकिन्छ । उत्थानशील बसोबासका लागि केन्द्र, प्रदेश र स्थानीय तहको समन्वय र तदारुकता आवश्यक हुन्छ ।

विपद् जोखिम न्यूनीकरणमा आधुनिक प्रविधिको प्रयोग

विपद् जोखिम न्यूनीकरणमा आधुनिक प्रविधिको प्रयोगले स्थानीय सरकारको क्षमता उल्लेखनीय रूपमा बढाउन सक्छ। मौसम तथा जलविज्ञानसम्बन्धी सूचना, डिजिटल नक्सांकन, भौगोलिक सूचना प्रणाली, मोबाइल सूचना प्रणाली, सामाजिक सञ्जाल तथा अन्य डिजिटल माध्यमको प्रयोगबाट जोखिमको पहिचान र सूचना प्रवाहलाई प्रभावकारी बनाउन सकिन्छ । पूर्वसूचना प्रणालीको प्रभावकारिता सूचना जारी गर्नुमात्र नभई सही समयमा जोखिममा रहेका नागरिकसम्म पुग्नु र नागरिकले त्यसका आधारमा सुरक्षित व्यवहार गर्नु पनि हो । यसका लागि वडा तहसम्म सूचना प्रवाहको स्पष्ट संयन्त्र, स्थानीय स्वयंसेवकको परिचालन, जोखिमयुक्त समुदायको पहिचान र नियमित पूर्वतयारी अभ्यास आवश्यक छ ।

प्रत्येक वडा तथा जोखिमयुक्त समुदायमा प्राथमिक उपचार, खोज तथा उद्धार, आगलागी नियन्त्रण, सुरक्षित स्थानान्तरण र आपत्कालीन सञ्चारसम्बन्धी आधारभूत तालिम सञ्चालन गर्नुपर्छ । विद्यालय, युवा क्लब, महिला समूह, सामुदायिक संस्था, रेडक्रस, निजी क्षेत्र तथा स्थानीय स्वयंसेवकलाई विपद् व्यवस्थापन योजनासँग जोड्नुपर्छ । यसले स्थानीय सरकारको मात्र भार कम गर्दैन, संकटको समयमा समुदायको आत्मनिर्भरता र प्रतिकार्य क्षमता समेत बढाउँछ । विपद्को प्रभाव सबै नागरिकमा समान हुँदैन । महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, विपन्न परिवार तथा सामाजिक रूपमा सीमान्तकृत समुदाय विपद्को समयमा थप जोखिममा पर्न सक्छन् । त्यसैले जोखिममा रहेका समुदायको पहिचान गरी उनीहरूको आवश्यकता र सहभागितालाई सुनिश्चित गर्नुपर्छ । विपद्को समयमा राहत तथा उद्धार का विभिन्न गतिविधिमा दोहोरोपना नहोस्, स्रोतको प्रभावकारी परिचालन होस् र सरोकारवालाबीच स्पष्ट जिम्मेवारी बाँडफाँट होस् भन्ने उद्देश्यले क्लस्टर प्रणालीको प्रयोग महत्त्वपूर्ण मानिन्छ । स्थानीय तहमा स्वास्थ्य, खाद्य तथा पोषण, खानेपानी तथा सरसफाइ, आश्रय, सुरक्षा, शिक्षा, संरक्षण, आपत्कालीन सञ्चार लगायतका विषयगत क्षेत्रमा आवश्यकताअनुसार समन्वयात्मक संयन्त्र निर्माण गर्न सकिन्छ । संघीय संरचनामा विपद् व्यवस्थापनको प्रभावकारिता संघ, प्रदेश र स्थानीय तहबीचको सम न्वयमा निर्भर गर्छ । संघीय सरकारले राष्ट्रिय नीति, मापदण्ड, प्राविधिक सहयोग, सूचना प्रणाली, ठूलो विपद्का लागि स्रोत परिचालन तथा अन्तर्राष्ट्रिय सहयोगको समन्वयमा भूमिका निर्वाह गर्नुपर्छ । प्रदेश सरकारले स्थानीय तहबीच समन्वय, प्राविधिक तथा स्रोत सहयोग र क्षेत्रीयस्तरको प्रतिकार्यमा नेतृत्व लिनुपर्छ । स्थानीय तहले समुदायसँग प्रत्यक्ष जोडिएर जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रारम्भिक प्रतिकार्य तथा स्थानीय पुनर्लाभलाई प्रभावकारी बनाउनुपर्छ ।

विशेषगरी ठूलो विपद्का समयमा 'कसले नेतृत्व गर्ने ?' भन्दा 'कसले कुन जिम्मेवारी पूरा गर्ने ?' भन्ने स्पष्टता बढी महत्त्वपूर्ण हुन्छ । यसका लागि नियमित संयुक्त कार्य, सूचना आदानप्रदान, स्रोतको साझा प्रयोग तथा अन्तर-स्थानीय तह सहकार्यलाई संस्थागत गर्न आवश्यक छ ।

विपद् व्यवस्थापनमा जनप्रतिनिधि र कर्मचारी

स्थानीय तहमा विपद् व्यवस्थापनसम्बन्धी कानुनी तथा संस्थागत संरचना भए पनि त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक दक्ष जनशक्ति, प्राविधिक क्षमता र स्रोतसाधन अझै समस्याका रूपमा रहेका छन् । स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीले विपद् जोखिम व्यवस्थापन चक्रका सबै चरण- जोखिम पहिचान, न्यूनीकरण, पूर्वतयारी, पूर्वसूचना, प्रतिकार्य, राहत, पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण- बारे स्पष्ट ज्ञान राख्न आवश्यक छ । नियमित तालिम, अभिमुखीकरण, नमुना अभ्यास तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ । साथै, स्थानीय तहमा विपद् व्यवस्थापन हेर्ने जनशक्तिको स्थायित्व र प्राविधिक दक्षता सुनिश्चित गर्नुपर्छ ।

विपद् व्यवस्थापनका लागि पर्याप्त रकमसहितको छुट्टै कोष स्थापना गर्नु आवश्यक छ । वास्तवमा विपद् आउनुअघि जोखिम न्यूनीकरणमा गरिएको एक रुपैयाँको लगानीले विपद् पछिको क्षति र खर्च उल्लेखनीय रूपमा घटाउन सक्छ । त्यसैले स्थानीय तहको बजेट निर्माणमा राहतभन्दा जोखिम न्यूनीकरणमा लगानी भन्ने दृष्टिकोण स्थापित गर्नुपर्छ ।

विपद् व्यवस्थापन स्थानीय सरकारको अतिरिक्त जिम्मेवारी होइन, यो स्थानीय शासन र सुरक्षित विकासको अभिन्न अंग हो । स्थानीय सरकारको विपद् व्यवस्थापनको दृष्टिकोण 'विपद् आएपछि राहत दिने' बाट ' विपद् आउनुअघि जोखिम घटाउने' दिशा तर्फ रूपान्तरण गर्न सक्नुपर्छ । यसका निम्ति संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्य गर्दै पूर्वतयारीका क्रममा सक्रिय भई विपद्लाई न्यूनीकरण गर्न सोहीअनुरूपको नीति, कानुन, जनशक्तिको व्यवस्थापन, सरकार र नागरिक समाजबीचको सहकार्य, अन्तर्राष्ट्रिय सहयोग, स्रोत सुविधाको सुनिश्चितता, नागरिकमा जनचेतनाको विस्तार र सहभागिता वृद्धि जस्ता कार्यको आवश्यकता छ ।

साभार: ईकान्तिपुर

सके सपारौं, नसके नबिगारौं

मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जात, धर्म, भाषा, लिंग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्धारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

मुङ्केचुला गाउँपालिका, डोल्पा

सूचना । सूचना ॥ सूचना ॥।

"मोतिबिन्दु छनोट आँखा शिविरमा" आँखा जचाँइ सेवा लिनुहोस ।

ठुलीभेरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय,जुफाल, डोल्पाको आयोजना तथा च्यारिटी हेल्थ फाउण्डेशन, धनगढी-४ कैलालीको आर्थिक तथा नेपाल रेडक्रस सोसाइटी, सुर्खेत आँखा अस्पतालको प्राविधिक सहयोगमा तपसीलमा उल्लेखित मिति र स्थानमा १ दिने मोतिबिन्दु छनोट आँखा शिविर संचालन हुने भएकोले शिविरमा आँखा जाँच गराउनका लागि जानकारी गराइन्छ ।

क्र.स.	शिविर संचालन हुने स्थान	संचालन मिति
१.	स्वास्थ्य चौकी, जुफाल	२०८३ भाद्र १८ गते, बिहिबार
२.	स्वास्थ्य चौकी, माझफाल	२०८३ भाद्र २० गते, शनिबार
३.	सामुदायिक स्वास्थ्य इकाई, थरगाउँ	२०८३ भाद्र २१ गते, आइतबार
४.	सामुदायिक स्वास्थ्य इकाई, तिप्ला	२०८३ भाद्र २३ गते, मङ्गलबार
५.	सामुदायिक स्वास्थ्य इकाई, थाला	२०८३ भाद्र २४ गते, बुधबार
६.	स्वास्थ्य चौकी, रह	२०८३ भाद्र २५ गते, बिहिबार
७.	जिल्ला अस्पताल, दुनै	२०८३ भाद्र २७ गते, शनिबार

नाम दर्ता समयः बिहान १० बजे देखि दिउँसो २ बजे सम्म । नाम दर्ता शुल्क रु.३०।-

निःशुल्क आँखाको अपरेशन मिति २०८३ भाद्र २७ गते जिल्ला अस्पताल, दुनै डोल्पामा गरिनेछ ।

थप जानकारीका लागि सम्पर्क व्यक्ति र नम्बरः राजन ढाँगी (९८५८०८२२६७), गोरख बहादुर बुटा (९८५८३९०९९१),

आर्थिक सहयोग | प्राविधिक सहयोगः | समन्वय सहयोगः | आयोजकः

च्यारिटी हेल्थ फाउण्डेशन नेपाल धनगढी-४, कैलाली | नेपाल रेडक्रस सोसाइटी सुर्खेत आँखा अस्पताल वीरेन्द्रनगर-२५, सुर्खेत | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा दुनै डोल्प स्वयंसेविका। | जिल्ला अस्पताल दुनै डोल्प स्वयंसेविका। | ठुलीभेरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जुफाल डोल्प स्वयंसेविका मार्फत।

साना सुधार : ठुला अनुभूति

- नवराज ढकाल

“सुशासनको सबैभन्दा बलियो प्रमाण नीतिमा सुधार मात्र होइन, नागरिकले अनुभव गर्ने सहज सेवा हो । सेवा लिन आवश्यक कागजात, प्रक्रिया र लाग्ने समय सुरुमै थाहा पाउनु, एउटै कामका लागि कार्यालयमा पटक पटक जान नपर्नु, कार्यालयमा खाने पानी, मोबाइल चार्जिङ पोइन्ट, शौचालय जस्ता मानवीय आवश्यकताका सामान्य सुविधा उपलब्ध हुनु, बिचौलिया नियन्त्रण हुनु जस्ता साना तर आधारभूत कुरामा भएको सुधार नागरिकका लागि सार्वजनिक सेवामा भएको वास्तविक र अनुभूत हुने परिवर्तन हो ।”

सार्वजनिक सेवामा सुधार गर्ने काम राज्य र नागरिकबिचको सम्बन्धलाई सरल, पारदर्शी, उत्तरदायी र सम्मानजनक बनाउने निरन्तर प्रक्रिया हो । यो एक दिनको अभियान वा नयाँ प्रविधिको प्रयोग मात्र नभई सेवा प्रवाह कति प्रभावकारी छ वा सेवा प्राप्त गर्दा नागरिकले कस्तो अनुभव गरेको छ वा सरकार नागरिकका लागि कति नजिक, छिटो र संवेदनशील छ भन्ने विषयसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । प्रशासनिक सुधार उच्च तहका ठुला निर्णयबाट मात्र होइन, एउटा सरकारी कार्यालयको ढोकामा नागरिकले पाउने सेवा र सेवा प्रदायकको व्यवहारबाट बढी अनुभूत हुन्छ । नागरिकले सेवा लिन जाँदा आवश्यक कागजातको स्पष्ट जानकारी पाउँछ कि पाउँदैन, काम कहाँबाट सुरु गर्ने थाहा हुन्छ कि हुँदैन, फाइल कहाँ पुग्यो भनेर बुझ्न सक्छ कि सक्दैन, अनावश्यक रूपमा पटक पटक कार्यालय धाउनु पर्छ कि पर्दैन र कर्मचारीले उसको समस्या सुन्छ कि सुन्दैन- सामान्य देखिने यस्ता विषयले सेवा प्रवाहको अवस्था र सरकार प्रतिको नागरिकको धारणा निर्माण गर्दछ ।

पछिल्ला महिनामा नेपाल सरकारले सुशासन र सार्वजनिक सेवा प्रवाहलाई प्राथमिकतामा राख्दै विभिन्न महत्वपूर्ण पहल अघि बढाएको छ । शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची, सुशासन मार्गचित्र, शून्य बाँकी फाइल अभियान, कार्यप्रक्रिया पुनर्संरचना, डिजिटल सेवा विस्तार तथा प्रशासनिक पुनर्संरचना जस्ता पहल सुशासन र सेवा प्रवाह सरल, सहज सेवाग्राहीमैत्री शासन प्रणाली स्थापित गर्ने उद्देश्यतर्फ लक्षित देखिन्छन् । आर्थिक वर्ष २०८३/८४ को बजेटले समेत सार्वजनिक सेवा प्रवाह संयन्त्रलाई प्रविधिमैत्री र जवाफदेही बनाउने तथा प्रशासनिक संरचनालाई चुस्त बनाउने नीति लिएको देखिन्छ ।

ठुलासँगै साना सुधार

सार्वजनिक प्रशासन सुधार भन्नासाथ हामी प्रायः नयाँ ऐन, नयाँ सङ्गठन, नयाँ भवन, नयाँ सफ्टवेयर आदि सम्झन्छौं । सार्वजनिक प्रशासन सुधारका सन्दर्भमा यसका अलावा नागरिकको सरकारी सेवा लिँदाका व्यावहारिक र प्रक्रियाजन्य विषयका अनुभूति र सेवा दिने व्यक्तिको व्यवहार पनि उत्तिकै महत्वपूर्ण हुन्छन् । कहिलेकाहीँ एउटा सूचना पार्टीले र एउटा सहायता कक्षले नागरिकको आधा दिन बचाउन सक्छ । कागजात पेस गर्नुअघि पूर्वजाँच गर्ने व्यवस्थाले दोस्रो पटक कार्यालय आउनुपर्ने अवस्था रोक्न सक्छ । जिम्मेवार कर्मचारीको नाम सार्वजनिक गर्दा जवाफदेहिता बढ्न सक्छ । फाइलको अवस्था बताउने एउटा सानो सूचना वा टोकन प्रणालीले अनिश्चित र भिड वा लाम घटाउन सक्छ । सार्वजनिक सेवा प्रवाह सुधारका लागि ‘कम खर्च (थप बजेट विनियोजन नगरी) उच्च प्रभाव’ सुधार कार्ययोजना अन्तर्गत नयाँ संरचना वा थप बजेटको व्यवस्था नगरी उपलब्ध जनशक्ति, कार्यालय स्थान, सूचना प्रणालीलाई पुनः व्यवस्थित गरेर नागरिकले छोटो समयमै अनुभव गर्न सक्ने सुधार ल्याउन सकिन्छ ।

समय पनि नागरिकको सम्पत्ति

सरकारी कार्यालयमा नागरिकले बिताएको समयलाई पनि सार्वजनिक सेवाको लागतका रूपमा हेर्नुपर्ने हुन्छ । एउटा सामान्य प्रमाणपत्र वा सिफारिस लिन तीन पटक कार्यालय धाउनुपर्दा यातायात खर्च मात्र बढ्दैन, नागरिकको काम छुट्दछ, आम्दानी गुम्छ र राज्यप्रतिको विश्वासमा समेत असर पर्छ । त्यसैले ‘एक पटक आए पछि सकेसम्म काम पूरा हुने प्रणाली हाम्रो सेवा संस्कार बन्नु पर्छ ।’ सेवा लिन आवश्यक कागजात, शुल्क, प्रक्रिया, अनुमानित समय र अको चरणबारे पहिलो पटकमै जानकारी दिन व्यवस्था मिलाउन सकिन्छ । कागजात अपूर्ण भए ‘के पुगेन, किन चाहियो, कहाँबाट ल्याउने र फेरि कहाँ सम्पर्क गर्ने’ भन्ने लिखित जानकारी दिन सकिन्छ । यो कार्य सानो प्रशासनिक परिवर्तन मात्र नभई नागरिकको समयप्रतिको .. (गोपबाट)

डोल्पो क्याम्पस
दुनै, डोल्पा
दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रस्तुत विषयका सम्बन्धमा विश्वविद्यालय अनुदान आयोगको ५ लाख अनुदानमा यस डोल्पो क्याम्पसको पुस्तकालयका लागि पुस्तक खरिद गर्नु पर्ने भएकाले इच्छुक पुस्तक विक्रेता/पसलेहरु तथा प्रकाशन गृहहरुलाई यही २०८३ भदौं ३० गते दिउसो १२ बजे भित्र तपशील बमोजिमका आवश्यक कागजात सहित दरभाउपत्र (कोटेशन) पेश गर्न यसै सूचना मार्फत आह्वान गरिन्छ । पुस्तक विक्रेता आफै उपस्थित हुन नसक्ने भए प्रक्रिया पुर्‍याएर इमेलः **dolpocampus492@gmail.com** मा इमेल मार्फत पनि दरभाउपत्र पेश गर्न सकिनेछ । खरिद गर्नु पर्ने पुस्तकहरुको सूचीका लागि क्याम्पसमा सम्पर्क गर्नु होला । विस्तृत जानकारी को लागि **www.dolpocampus.edu.np,** मा हेर्नु होला तथा कार्यालय समयमा क्याम्पसमा बुझ्न सक्नु हुनेछ भने सामान्य प्रक्रिया बुझ्न फोन नं. ०८७५५०१५९ मा सम्पर्क गर्न सकिने छ ।

आवश्यक कागजात

१) दरभाउपत्र पेश गरेको आधिकारिक पत्र
२) दरभाउपत्र(कोटेशन)
३) करचुक्ता प्र.प.को प्रतिलिपि (२०८१/०८२)
४) पसल तथा फर्म दर्ता प्र.प.को प्रतिलिपि
५) स्थायी लेखा/मु.अ.क. दर्ता प्र.प.को प्रतिलिपि
६) प्रोपराइटरको नागरिकता प्र.प.को प्रतिलिपि

क्याम्पस प्रमुख
डोल्पो क्याम्पस दुनै, डोल्पा
मोवाइल नं. ९८५८३६६१५९

भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

काइके गाउँपालिका, डोल्पा

आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछाडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

संकटको बेला सामूहिक समाधान

सुस्केरा समाचारदाता

काठमाडौँ, भदौ । नेपाल-चीन सीमा वर्ती क्षेत्रबाट भोटेकोशीलगायत नदीहरूमा आएको बाढीले सङ्कट निम्त्याएपछि सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सहित प्रतिपक्ष दल नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टीलगायत दलहरू एक ठाउँमा आएका छन् ।

रास्वपाका सभापति रवि लामिछानेले बिहीबार सिंहदरबारमा बोलाउनुभएको सर्वदलीय बैठकमा आठ दल सहभागी भएर दसबुँदे संयुक्त अपिल जारी गर्दै विपत्मा एकै ठाउँमा भएको सन्देश दिएका हुन् । निर्वाचन र सत्ता सञ्चालनमा तछाडमछाड गर्ने दलहरू भूकम्प, नाकाबन्दी, बाढी, पहिरो जस्ता विपत्ति आउँदा एकै ठाउँमा उभिएर एकताको सन्देश दिने गरेका छन् ।

विपत्को संवेदनशील घडी केवल एउटा भूगोल वा सरकारको मात्र सङ्कट नभई सिङ्गो राष्ट्रको साझा परीक्षणको समय भएको दलहरूले बताएका छन् । सबै राजनीतिक दलले आफ्ना वैचारिक मतभेदभन्दा पर र ही नागरिकको जीवन रक्षा र राष्ट्रिय हितलाई सर्वोपरि राखेर एकढिक्का हुने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

विपत् व्यवस्थापनमा आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न सबै राजनीतिक दल, तिनका सङ्ग सङ्गठन र सदस्यलाई आह्वान गर्दै सस्तो लोकप्रियता वा राजनीतिक स्वार्थपूर्तिको माध्यम बन्न नहुने अपिलमा आग्रह गरिएको छ ।

सर्वदलीय बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्ले ले रास्वपाका सभापति लामिछानेको आह्वानमा भएको सर्वदलीय बैठकमा सबै पार्टीका शीर्ष नेताहरूबिच सौहार्दपूर्ण रूपमा छलफल भएको जानकारी दिनुभयो । राष्ट्रिय सङ्कटको घडीमा सबै दल, सबै पक्ष एक ठाउँमा आएर समाधान दिने नेपाली राजनीतिको चरित्र बन्दै गएको उहाँले तर्क गर्नुभयो ।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले बाढीमा परेकाको उद्धार, राहत र पुनर्निर्माणमा राज्य मात्रै नभएर दल, सङ्गसंस्था, नागरिक एक ठाउँमा उभिनुपर्ने बताउनुभयो । नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले देशले गम्भीर प्राकृतिक विपत्तिको सामना गरेकाले आग्रह-पूर्वाग्रहमा नअल्झिएर सबै दल एक ठाउँमा उभिनुपर्ने बताउनुभयो ।

अर्थ सङ्कलनमा एकद्वार प्रणाली

विपत् व्यवस्थापनमा हुने आर्थिक सङ्कलन पारदर्शी र व्यवस्थित बनाउन एकद्वार प्रणाली अपनाइने भएको छ । सम्पूर्ण पार्टी पङ्क्ति, स्वदेश तथा विदेशमा रहेका नागरिक र शुभचिन्तकहरूलाई सरकारको आधिकारिक 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' वा सरकारले तोकेको आधिकारिक खातामा मात्र आर्थिक सहयोग जम्मा गर्न आह्वान गरिएको अपिलमा उल्लेख छ । बाढीपछि उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणमा आवश्यक मानवीय, प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घ, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, मित्रराष्ट्र तथा प्रवासी नेपाली समुदायलगायतलाई अपिल गरिएको छ ।

बाढी प्रभावित क्षेत्रबाट आधिकारिक निकायबाट प्रमाणित सूचना मात्रै सम्प्रेषण गर्न आग्रह गरिएको छ । साथै सामाजिक सञ्जाललाई संयमित, विवेकसम्मत र उत्तरदायी रूपमा प्रयोग गर्न नागरिकलाई अपिल गरिएको छ । तिब्बततर्फका हिमतालहरूको जोखिम आकलन र न्यूनीकरणका लागि मित्रराष्ट्र चीनसँग तत्काल उच्चस्तरीय कूटनीतिक पहल गरी संयुक्त वैज्ञानिक तथा प्राविधिक अध्ययन संयन्त्र गठन गरिने अपिलमा उल्लेख छ । नदी प्रणालीहरूको सीमा पार प्रकृतिका कारण दुई देशबिच पूर्वसूचना प्रणालीको 'रियल टाइम डाटा' आदानप्रदानलाई अझै सुदृढ र संस्थागत गर्न पहल गरिने छ ।

उत्थानशील पुनर्निर्माण

बाढीमा भत्किएका संरचनाको अझ उन्नत र सुरक्षित पुनर्निर्माण गर्न राष्ट्रिय अभियान अविलम्ब सुरु गरिने अर्थमन्त्री वाग्लेले जानकारी दिनुभयो । यो विपत्तिमा कालोबजारी गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने वा राहतको दुरूपयोगलाई कडा कारबाही गरिने उहाँले बताउनुभयो । "बेपत्ता नागरिक, अलपत्र परेका नागरिक र विदेशी पर्यटकहरूको उद्धार भइरहेको छ । अहिले २२ हेलिकप्टर उद्धारमा खटिएको छ ।

महायज्ञमा जाउँ, पुण्य कमाउ

नेपाल कै प्रमुख शक्तिपिठ बाला त्रिपुरा सुन्दरी भगवतिको मन्दिर त्रिपुरासुन्दरी नगरपालिका वडा नं. १ त्रिपुराकोटमा यही २०८३ भदौं १५ गतेदेखि २२ गतेसम्म संचालन हुने श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ धनधान्यचल पितृमोक्ष तथा शालग्राम पुजार्चनामा सहभागि भै पुण्य कमाउन सम्पूर्ण डोल्पाबासि भक्तजन, आस्थाले भरिपूर्ण नेपाली दाजुभाई, धार्मिक पर्यटकका रुपमा आफ्नो अमूल्य समय दिदै आउनु भएका पर्यटक तथा सबै सबै हिन्दु तथा आस्थावानहरुलाई हार्दिक आग्रह गर्दछौं ।

हिमाली सुस्केरा साप्ताहिक दुनै, डोल्पा

गाउँ शहर सफा गरौं, स्वस्थ रहौं, सभ्य बनौं

पृथ्वीको संरक्षण: दिगो प्रकृतिमैत्री जीवनयापन

रुख रोपौं, वन जोगाऔं

वनले दिन्छ स्वच्छ वायु: स्वस्थ जीवन दीर्घ आयु

डिभिजन वन कार्यालय दुनै डोल्पा

हाम्रो अनुरोध

① पशुवस्तुलाई नियमित रुपमा ६/६ महिनामा महामारी रोगविरुद्ध सोप लगाई महामारी रोगबाट बचाऔं ।

② पशु वस्तुहरुलाई वर्षको दुई पटक ६/६ महिनामा जुका विरुद्धको औषधि खुवाउने बानी बसालौं ।

③ पशुपालन व्यवसायलाई व्यवसायीकरण गरी आधुनिक पशुपालनको सुरुवात गरौं ।

④ घरपालुवा कुकुरलाई नियमित रुपमा वर्षको एक पटक रेविज विरुद्ध खोप लगाई जनस्वास्थ्य तथा पशु धनको सुरक्षा गरौं ।

⑤ पशुजन्य उत्पादन (दुध, फूल, मासु) बढाउनका लागि पशुवस्तुलाई बाह्रै महिना हरियो र पोषिलो घाँस खुवाऔं ।

⑥ नस्लसुधारका लागि उन्नत नस्लका पशुमात्र खरिद गरौं हाडनाता प्रजननबाट जोगाऔं ।

⑦ रोगी पशुवस्तुलाई वध नगरौं, रोगी र बिरामी पशुको मासु बिक्री वितरण नगरौं । मानव जीवनको स्वास्थ्यमा ध्यान पुर्याऔं ।

⑧ घर, आंगन, गोठ, खोर सधँ सफा राखौं ।

⑨ सधैं स्वस्थ र सफा दुध र मासु मात्र बिक्री वितरण गर्ने गरौं ।

⑩ पशुजन्य उत्पादन (दुध, फूल, मासुको सेवन बढाउ धुम्रपान मध्यपानको सेवन त्यागौं ।

पशु अस्पताल तथा पशु सेवा कार्यालय,
डोल्पा